बैठक संख्या - ३.

आज मिति २०८२ साल वैशाख ३ गतेका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रविप्रकाश राईको अध्यक्षतामा बसेको नवौं कार्यपालिको बैठकले निम्न प्रस्ताव/कार्यसूची उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति:-

१ गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२, गाउँपालिका उपाध्यक्ष श्री विर्सिका राई
३, १ नम्बर वडा अध्यक्ष श्री हेमन्त राई
४, २ नम्बर वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५, ३ नम्बर वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. ४ नम्बर वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल
७. ५ नम्बर वडा अध्यक्ष श्री भोविन खत्री
८, कार्यपालिका सदस्य श्री मनकुमारी राई
९, -" -"- श्री सुजना वि.क.
१० -" -"- श्री भगवती वि.क.
११ -" -"- श्री सर्मिला कट्टेल
१२. -" -"- श्री दिपक सुनार
१३. -" -"- श्री नरबहादुर दर्जी
१४, सदस्य सचिव नि.प्र.प्र.अ. श्री दुर्गा बहादुर राई

आमन्त्रित सदस्यहरु:-

१. MIS operator श्री डिल्लीमान राई
२. लेखापाल श्री उत्तम आचार्य

सहयोगी कर्मचारी

१, राजन खड्का

प्रस्ताव/कार्यसूचीहरु:-

१, अरुण तेस्रो जलविद्युत आयोजना संग विद्यालय बस तथा एम्बुलेन्स माग सम्बन्धमा ।
२, आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश समपूरक अनुदानको योजना छनौट सम्बन्धमा ।

३. बजेट रकमान्तर सम्बन्धमा
४. विविध
(क) मुन्धुम ट्रेल सम्बन्धमा
(ख) महिलासँग उपाध्यक्ष कार्यक्रम सम्बन्धमा
(ग) वडा थिल्लिङ : वडा नं. १ को रकमान्तर सम्बन्धमा
(घ) तेस्रो त्रैमासिकसम्मको खर्चको अनुमोदन सम्बन्धमा
(ङ) अन्य बजेट सम्बन्धमा ।
(च) कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा ।

निर्णयहरु :-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा.लि.द्वारा यस गाउँपालिकाको क्षेत्र हुँदै प्रसारण हुने ४०० केभी हाईटेन्सन लाईनका कारण प्रभावित स्थानीय तहलाई विद्यालय बस र एम्बुलेन्स माग गर्ने सम्बन्धमा छलफल हुँदा पछिल्लो समयमा सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घटिरहेको परिप्रेक्ष्यमा विद्यालयहरु 'मर्ज' गरी एकीकृत रुपमा पठनपाठन गराई शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालय बसको अति आवश्यक भएको हुँदा पालिका भित्र सञ्चालित ६ वटा माध्यमिक विद्यालयको लागि आवश्यक पर्ने विद्यालय बस यस पालिकाद्वारा खरिद गर्न नसक्ने अवस्था भएको हुँदा अरुण तेस्रो आयोजनासँग ६ वटा विद्यालय बस माग गर्ने र सो को व्यवस्थापन पालिकाले लिने, साथै भौगोलिक विकटताका कारण गम्भीर प्रकृतिका बिरामीहरुलाई समयमै उपचारका लागि सुविधासम्पन्न अस्पतालमा पुर्‍याउन समस्या भइरहेको परिप्रेक्ष्यमा स्थानीय स्वास्थ्य संस्थाबाट माग भई आएको एम्बुलेन्स पालिकाको स्रोतबाट खरिद गर्न नसक्ने अवस्था भएको हुँदा अरुण तेस्रो आयोजनासँग पाँचवटा एम्बुलेन्स माग गर्ने र सो को व्यवस्थापन गाउँपालिकाले लिने गरी निर्णय पारित गरियो ।

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ मा यस साकेला गाउँपालिका भित्र सञ्चालन गर्नुपर्ने तपशिल बमोजिमको योजना तथा आयोजनाहरु प्रदेश सम्पूरक अनुदानका लागि योजना प्राथमिकीकरण गरी पेश गर्ने निर्णय गरियो।

<u>योजना तथा आयोजनाहरु:-</u>

१. बाँकेच्यानडाँडा-नैनेपाटी-रुम्हा-मानेभञ्ज्याङ-काल्चिनखोला सडक

२. हरेल्लेडाँडा-डाँडागाउँ-वानाचुङ सडक स्तरोन्नति आयोजना

प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रम मार्फत साकेला लिपि प्रवर्द्धन कार्यक्रमको लागि विनियोजन भएको रु२०००००/- रुपैंयालाई रकमान्तर गरी यामलीङ आवाम नेपाल टेलिभिजनबाट कार्यक्रम प्रसारण शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो। त्यसैगरी, विद्यालय स्तरीय घटना दर्ता तथा सामाजिक सुरक्षा अभिमुखीकरण शीर्षकमा विनियोजन भएको रु.४०००००/- मध्येबाट सामाजिक सुरक्षा बायोमेट्रिक तथा राष्ट्रिय परिचयपत्र वितरणका लागि रु१,०५,००० र साकेला अनलाईनसँग सञ्चार र पहुँच विस्तारका लागि ३,०५०००/- शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

त्यसैगरी, आदिवासी जनजाति लक्षित कार्यक्रममा विनियोजित रकम रु. ३०००००/- बजेटलाई रकमान्तर गरी बुढको मूर्ती व्यवस्थापन साकेला-४ मा लैजाने निर्णय गरियो।

प्रस्ताव नम्बर ४ को विविधको (क) माथी छलफल गर्दा संघ, प्रदेश, स्थानीय तह र SDC बाट भइरहेको कार्य अन्तर्गत यस गाउँपालिकाको क्षेत्र भित्र रहेको ८.६ km मुन्दुम ट्रेल मर्मत र संरचना निर्माणका लागि आवश्यक पर्ने आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि बजेट स्रोत सुनिश्चितताका लागि कोशी प्रदेश पर्यटन तथा वन वातावरण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो। साथै जम्मा लागत ३१,८६,५८८ रुपैंया मध्ये स्थानीय तहले (व्यहोर्नुपर्ने/साझेदारी) बापतको २२% रकम रु. ६,१३,२१३/- रुपैंया स्रोत साझेदारीको लागि बजेट सुनिश्चित गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ४ को विविधको (ख) माथी छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा मार्फत विनियोजित 'महिला संग उपाध्यक्ष कार्यक्रमको रु. १५,००,०००/- (अक्षरेपी पन्ध्र लाख) बजेटबाट तपशिल बमोजिमको कार्य गर्ने गरी शीर्षक समायोजन गरी बजेट विनियोजन गर्ने निर्णय गरियो।

~तपशिल~

१. ५ वटै वडाका महिला तथा आमा समूहको लागि कम्बाईन मिल सेट खरिद रु- ६,५०,०००/-
२. ५ वटै वडाका महिला तथा आमा समूह, संघसंस्थालाई प्लाष्टिक कुर्सी खरिद रु- ८,५०,०००/-

प्रस्ताव नम्बर ४ को विविधको (ग) माथी छलफल गर्दा वडा नं. १ को वडागत सिलिङ मार्फत विनियोजन गरिएको खोकमा सडक निर्माण रु. ५०,०००/- र तालखर्क सडक निर्माण रु. १०००००/- बजेटलाई डाँडाखेत-चुइमारे सडक निर्माणका लागि एकमुष्ट रकम रु. १५०००००/- रकमान्तर गर्ने र वाडुङ सिँढी निर्माणको ५००००/- रुपैयाँबाट वाडुङ गुम्बा रङरोगन शीर्षकमा बजेट रकमान्तर गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ४ को विविधको (घ) माथी छलफल गर्दा चालु आर्थिक वर्ष ०८१/०८२ को तेस्रो त्रैमासिक सम्म भएको खर्च विवरण तपशिल बमोजिम शीर्षक अनुसार भएको खर्चको अनुमोदन गरियो।

| क्र.सं. | अनुदानको प्रकार | प्राप्त हुने तह | वार्षिक विनियोजित बजेट | तेश्रो त्रैमासिकसम्म प्राप्त रकम | तेश्रो त्रैमासिक अवधिसम्म खर्च भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | संघ | ६९३००००० | ४३६५९००० | २८१०७२३७.०० | |
| २ | समानीकरण अनुदान | प्रदेश | ३९५९००० | ११७९५०० | ११०७६७९.०० | |
| ३ | सशर्त अनुदान चालु | संघ | १३६०९६००० | ९८६६३७५० | ८४२३९२८१.१४ | |
| ४ | सशर्त अनुदान चालु | प्रदेश | २६९६००० | २०२२००० | १०२५०००.०० | |
| ५ | सशर्त अनुदान पुँजिगत | संघ | ८२१२००० | ८२१२००० | १३१२०९०.०० | |
| ६ | सशर्त अनुदान पुँजिगत | प्रदेश | ६९८६००० | ५२३९५०० | २१३२८५३.०० | |
| ७ | समपूरक अनुदान (पुँजिगत) | संघ | ६०००००० | १५००००० | १५०००००.०० | |
| ८ | समपूरक अनुदान (पुँजिगत) | प्रदेश | १००००००० | २५००००० | ९०३८९४.०० | |
| ९ | संघीय सरकार राजश्व बाँडफाँड | संघ | ६३८००००० | ३९२२७३६२.९१ | ३२८०३११७.९० | |
| १० | प्रदेश सरकार सवारी कर | प्रदेश | २६५१०००.०० | १२९०८८६.८२ | ६७८४९४.०० | |
| ११ | आन्तरिक श्रोत (गत आ.व. को बैंक मौज्दात समेत) | स्थानीय | २९८६८९७८.२८ | २७३६८१७८.२९ | १२३५७४६१.८५ | |
| | | | [illegible] | [illegible] | ११६१६७१०७.८९ | ४८.९३५ |

प्रस्तावनम्बर ४ को विविधको (५) माथी छलफल गर्दा गत वर्षदेखी जिम्मेवारी सरी आएको अल्या तथा अन्य बजेटबाट तपसिल बमोजिमको शीर्षकमा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

मिति २०८२/०१/०३ गतेको बैठकबाट गत वर्षको मौज्दातका विषयमा छलफल भई रकमान्तर भएका शीर्षक र रकमको विवरण

| सि.नं. | रकमान्तर गरिने (घटाउँने) | | थप भई कार्यान्वयन हुने शीर्षकहरू | |
|---|---|---|---|---|
| | रकमान्तर गरिने (घटाउँने) | रकम | रकमान्तरबाट थप गरिने शीर्षक | रकम |
| १ | पुरानो वर्षको मौज्दात | १९५३८००० | गाउँपालिकामा प्रयोगमा रहेका सवारी प्रयोजनका लागि नपुग ईन्धन | ५००००० |
| | | | विपद् व्यवस्थापनका लागि साकेला-५ मा भएको खर्च रकम भुक्तानी | १००००० |
| | | | सम्पूर्ण विद्यालयका प्र.अ.हरुका लागि प्र.अ.भत्ता | २५०००० |
| | | | तावाभञ्ज्याङमा रहेको नर्सरीका चिया हेरालुलाई पारिश्रमिक | ३००००० |
| | | | पालिकाका महत्वपूर्ण स्थानहरूमा धार्मिक, ऐतिहाँसिक, पुरातात्विक महत्वका कलाकृति निर्माण | ८५००००० |
| | | | सामाजिक सुरक्षा भत्ता वितरण तथा बायोमेट्रिक प्रणाली शिविर व्यवस्थापन खर्च | २००००० |
| | | | साकेला गा.पा-विपद् व्यवस्थापन कोष | २००००० |
| | | | दाप्सामा सडक स्तरोन्नति साकेला-२ | ४०००० |
| | | | म.स्वा.स्व.से. हरूका लागि नपुग यातायात खर्च | ३४८००० |
| | | | वडा नं. ५ को कार्यालय भवन निर्माण योजना (क्रमागत) | ३०००००० |
| | | | ४ नं. वडा पाउँदुरे खानेपानी योजना | २५०००० |
| | | | मिति २०८१/६/१०-१२ को बाढीका कारण क्षतिग्रस्त सिंचाई संरचना तत्काल सञ्चालनका लागि पाइप खरिद तथा वितरण | ५५०००० |
| | | | साकेला मा.वि. सुरक्षा पर्खाल निर्माण योजना | ७००००० |
| | | | ई.प्र.का. मात्तिमलाई जग्गा प्राप्तिका लागि मूआब्जा | ५००००० |
| | | | १ नं. वडा सेखुवा स्वा.चौ. भवन मर्मत तथा स्तरोन्नति | २००००० |
| | | | १ नं. वडाको भवन निर्माण योजना साझेदारी (जि.स.स.सँगको) | १६००००० |
| | | | सिद्धेश्वरी मा.वि.मा सभाहल व्यवस्थापन योजना | ४००००० |
| | | | ४ नं. वडामा ईन्टेक निर्माण तथा पाइप खरिद | ५०००० |
| | | | सरस्वती मा.वि. साकेला ५ मा GWS सँगको साझेदारीमा निर्माणाधीन भवन साझेदारीका लागि अनुदान | ५००००० |
| | | | ईलाका प्रहरी कार्यालयमा दुर्गा मन्दिर स्थापना | ४००००० |
| | | | पिनालाखा खानेपानी योजना साकेला-२ | १५०००० |
| | | | वडा नं. ३ बोरा जाँने सडक निर्माण योजना | ३००००० |
| | | | वडा नं. ३ लामीडाँडा जाने सडक निर्माण योजना | ५००००० |
| जम्मा | | १९५३८००० | जम्मा | १९५३८००० |

मिति २०८२/०१/०३ गतेको बैठकबाट चालु आ.व. २०८१/८२ का लागि सभाबाट पास भएका तर कार्यान्वयन हुन नसक्ने योजनाका विषयमा छलफल भई रकमान्तर भएका शीर्षक र रकमको विवरण

| सि.नं. | रकमान्तर गरिने (घटाउँने) | | थप भई कार्यान्वयन हुने शीर्षकहरू | |
|---|---|---|---|---|
| | रकमान्तर गरिने (घटाउँने) | रकम | रकमान्तरबाट थप गरिने शीर्षक | रकम |
| १ | मानेभञ्ज्याङ-रतन्छा-बाँझेच्यानडाँडा सडक स्तरोन्नति संघीय समपूरक योजनाको गाउँपालिका साझेदारी २०८०/८१ | ८००००० | गाउँपालिकाका सबै वडाहरुमा अवस्थित झोलुंगे पुलको नियमित सरसफाईका लागि वार्षिक पारिश्रमिक | २००००० |
| २ | सरसफाई सेवा शुल्क | ५८५००० | वर्षायामको शुरुवातसँगै भारी वर्षाका कारण क्षतिग्रस्त हुनसक्ने मूख्य तथा सहायक सडकहरू स्तरोन्नति | १०००००० |
| ३ | भैपरी आउँने चालु खर्च | ३००००० | साप्सुखोलामा नदीबाट भएको क्षयीकरण नियन्त्रणका लागि सुरक्षा पर्खाल निर्माण | २००००० |
| ४ | विद्यालय स्तरीय घटना दर्ता तथा सामाजिक सुरक्षा अभिमुखीकरण | | सल्लेरी आ.वि. मा पहिरो नियन्त्रणका लागि सुरक्षा पर्खाल निर्माण | ५०००० |
| ५ | विभिन्न परियोजनाहरूको पारिश्रमिक साझेदारी | १०००००० | साकेला अनलाइनसँग सञ्चार र पहुँच विस्तार कार्यक्रम | ३००००० |
| ६ | मिडिया कक्ष व्यवस्थापन | ३००००० | साकेला आधारभूत अस्पतालको क्षतिग्रस्त छाना मर्मत | १५०००० |
| ७ | आदिवासी जनजाति लक्षित कार्यक्रम | ३००००० | रतन्छा दारिमटोल सडक ग्राभेल योजना | १५०००० |
| ८ | साकेला सिली प्रवर्द्धन कार्यक्रम | २००००० | काठबाट बन्ने कलात्मक सामग्री रंगरोगनका लागि ईनामेल खरिद | २६५००० |
| ९ | पोषण कार्यक्रम | ५००००० | काठबाट बन्ने कलात्मक स्थलको काठको कामका लागि कालिगढको पारिश्रमिक | ५००००० |
| १० | चालु आ.व. को विभिन्न योजनाको साझेदारी रकम | १०००००० | काठबाट बन्ने कलात्मक स्थल मजबुदीका लागि फलाम/रड खरिद | ३२०००० |
| | जम्मा :- | ४९८५००० | मिडिया कक्ष तथा डिभाईस व्यवस्थापन | ३००००० |
| | | | काठबाट बन्ने कलात्मक स्थलका लागि आवश्यक सालको काठ खरिद | ५००००० |
| | | | काठबाट बन्ने कलात्मक स्थलका लागि आवश्यक पात्लेको काठ खरिद | ५००००० |
| | | | मानेभञ्ज्याङमा रहेको पार्कमा बुद्धको प्रतिमा स्थापना | ३००००० |
| | | | चाम्लिङ भाषामा नेपाल टेलिभिजनबाट कार्यक्रम तयारी र प्रसारण | २००००० |
| | | | बालबालिका मा.वि. जाने बाटो स्तरोन्नतिका लागि सामग्री खरिद | ५०००० |
| | | | जम्मा | ४९८५००० |

प्रस्ताव नम्बर ४ को विविधको (ग) माथी छलफल गर्दा वडा नम्बर ४ का वडाअध्यक्ष श्री अर्जुन कुमार कटवाल वडाभन्दा बाहिर रहेको र वडा अध्यक्षको अनुपस्थितिमा वडाबाट कार्यसम्पादन गर्नुपर्ने सेवा प्रवाह लगायतको कार्य प्रभावित भई सेवाग्राहीले दुःख पाइरहेको र निजको अनुपस्थितिमा कानून बमोजिम सेवा प्रवाहलाई निरन्तरता दिनको लागि जेष्ठ वडा सदस्य श्री भीमबहादुर खड्कालाई कार्यवाहक वडाअध्यक्षको जिम्मेवारी दिंदै आएकोमा निज का.वा. वडाअध्यक्ष भीम ब. कटवाल समेत बिरामी भई वडाभन्दा बाहिर जानुभएपश्चात स्थानीय सेवाग्राहीले दुःख पाइरहेको अवस्थामा तत्कालको लागि नियमित सार्वजनिक सेवा प्रवाहलाई निरन्तरता दिनको लागि कार्यपालिका सदस्य श्री सर्मिला कट्टेललाई कार्यवाहक वडाअध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो ।